**मिति २०७७ माघ ४ गते (वि.सं. २०७७।१०।४) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९७ औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाले नागरिकलाई प्रदान गर्ने सेवालाई सरल पारदर्शी बनाउनका लागि यस क्षेत्रमा थारु जातीको बाहुल्यता रहेको र आफ्नै मौलिक भाषाको प्रयोग समेत व्यापक रुपमा हुने अवस्था रहेकोले थारु भाषा र सांकेतिक भाषा नजान्नेहरुको सहजताका लागि १ जना थारु भाषाको दोभासे कार्यालयमा कार्यरत कर्मचारीबाटै व्यवस्थापन गर्ने र मुख नलाग्ने वा बहिरा व्यक्तिहरुका लागि कार्यालयको कार्य सहजताका लागि १ जना दोभासे व्यक्ति करार सेवामा नियुक्त गरी नागरिक सहयता कक्ष सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं २.**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ को आधुनिक बसपार्कको गुरुयोजना भित्र पेट्रोलपम्म सञ्चालन गर्ने योजना समावेश भए बमोजिम सो पेट्रोल पम्प सञ्चालनका लागि यस अघि नै ठेक्का प्रकृया अघि बढि सकेकोले ठेक्का स्वीकृत भएको शारदा निर्माण सेवालाई BOOT Model बाट सार्बजनिक निजि साझेदारी अवधारणामा अघि बढाउने गरी २० बर्षिय संझौता प्रकृया अघि बढाउने साथै सो पम्प सञ्चालनका लागि आवश्यक पर्ने ४ कठ्ठा जग्गा कि.नं. ...बाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ३**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १ स्थित काठेखोलीमा बाटो निर्माणका क्रममा आएको ढुङ्गाहरु तुलसीपुर उपमहानगरपालिकाले नियमानुसारको राजश्व लिई संघ,प्रदेश र वडाको सिफारिस अनुसार तुलसीपुर उपमहानगरपालिकाले नियमानुसारको राजश्व लिई संघ,प्रदेश र स्थानीय सरकारबाट सञ्चालित बिकास निर्माणका आयोजनालाई माग भए बमोजिम उपलब्ध गाउन निर्णय गरियो ।

**निर्णय नं ४**

घ वर्गको निर्माण व्यवसाय इजाजतपत्रका लागि पेश भएका तपशिलका फर्महरुलाई आर्थिक विकास समितिको सिफारिस अनुसार घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधिको बुँदा नं २ अनुसार तपसिलका कम्पनीलाई निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

| सि नं | फर्मको नाम ठेगाना | प्रोपराइटर/सञ्चालक | कैफियत |
|---|---|---|---|
| १ | दुर्गा भवानी निर्माण सेवा तुलसीपुर ७ | सुमन्त राज भुषाल | |
| २ | अबिराज मल्टीप्रपोज ग्रुप एण्ड कम्पनी प्रा | विर बहादुर वली क्षेत्री | |



(मिति २०७७।१०।४ का.पा. ९७ औं का.पा. बैठक निर्णयहरु)

घनश्याम पाण्डे
प्रमुख

नि. प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७७ माघ ४ गते (वि.सं. २०७७।१०।४) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९७ औं बैठकका निर्णयहरु :**

| | | | |
|---|---|---|---|
| | लि. | | |

**निर्णय नं ५**

तुलसीपुर उपमहानगरपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकृत बरोजगारको सूचि अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि तुलसीपुर उपमहानगरपालिकाका सबै वडाहरुबाट ७ दिन भित्र श्रममुलक योजनाहरु रोजगार शाखामा सिफारिस गरी पठाउने तथा तपसिलमा उल्लेखित बजेट निनियोजन नभएका सबै योजनाहरुमा प्रधानमन्त्री रोजगारका कामदारहरु परिचालन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. वडा नं. १३ र १४ जोडने बाखेको बाटो २. वडा नं. २ को भिमबहादुर योगीको घर सम्म जाने बाटो ३.मेट्रो कलेज ४.वडा नं. १८ को रानीबन ५.वडा नं. ८ को कृष्ण मन्दिरको पार्क ६.वडा नं. १ को उत्तरकुमार वली बाटीका ७.वडा नं. ७ को कात्तिके चौर पार्क ८.वडा नं. १३ को तुलसी गौशाला ९.वडा नं. ७ का कालाखोला मन्दिर परिषर १०. वडा नं. १८ को बजार क्षेत्रको नाला सरसफाई ११.वडा नं. ९ को नबदुर्गा सा.ब.को पार्क १२. वडा नं. १६ को वडा प्राङ्गण र कल्भर्ट १३.वडा नं. ४ का सबै कलभर्टहरु,पार्कहरु र चमेरे गुफा जाने नाला १४. वडा नं. ८ को पुष्प बाटीका निर्माण ।

**निर्णय नं ७**

तुलसीपुर उपमहानगरपालिकामा विगत लामो समयदेखि कामनलाग्ने गरी रहेका कागजातहरुका कारण भण्डारण तथा व्यवस्थापनमा असहजता भएको बढिसे बढि स्थान ओगटेकोले प्रचलित कानुन बमोजिम आवश्यक प्रकृया पुरा गरी प्रशासन तथा जनशक्ति बिकास शाखाले निर्माण गरेको फरमेट स्वीट गरी सोको आधारमा त्यस्ता पुराना कागजातहरु धुल्याउने निर्णय गरियो ।

**निर्णय नं.८**

तुलसीपुर उपमहानगरपालिकाका बिभिन्न बिकट तथा ग्रामिण क्षेत्रमा रहेका समुदायलाई आपतकालिन स्वास्थ्य सेवा प्रदान गर्नका लागि सोहि समुदायमा संघीय सरकारबाट हस्तान्तरित तथा हाल नगर कार्यपालिका अन्तरगत सञ्चालित स्वास्थ्य चौकिहरुमा हस्तान्तरण गर्ने गरी एम्बुलेन्स खरिद गर्न नेपाल सरकारबाट भन्सार छुटको व्यवस्थाको सुबिधाको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस तथा अनुरोध गरी पठाउने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे
प्रमुख

नि. प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७७ माघ ४ गते (वि.सं. २०७७१०१४) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९७ औं बैठकका निर्णयहरु :**

**निर्णय नं.९**

तुलसीपुर उपहानगरपालिका कार्यालयमा बिगत लामो समय देखि अबिछिन्न रुपमा कार्यरत अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीलाई स्थानीय सरकार सञ्चालन ऐनको दफा ८७ मा एक पटकको लागि आन्तरिक तथा खुल्ला प्रतियोगितामा उमेरको हद नलाग्ने ब्यवस्था भएकोले सोहि बमोजिम यस तुलसीपुर उपमहानगरपालिकामा कार्यरत अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुलाई आन्तरिक तथा खुल्ला प्रतिस्पर्धा गराई स्थायी बनाउने प्रयोजनको लागि लुम्बिनी प्रदेश लोकसेवा आयोगमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिका सरसफाई शाखामा सहायक स्तर पांचौ तहमा कार्यरत श्री खेमकान्त पाण्डेले सार्बजनिक बिदाका दिनमा समेत बिहान देखि बेलुका सम्म सरसफाई लगाएका फिल्ड र कार्यालयको काममा खटिनु पर्ने भएकोले अतिरिक्त भत्ताको माग गर्नु भएकोले निजलाई बिहानको खाना,दिउसो र बेल्काको नास्ता बापत काम गरेका दिनमा दैनिक ३००।(तीन सय मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११**

तुलसीपुर उपमहानगरपालिका सहकारी संस्था सञ्चालन,अनुगमन नियमन मापदण्ड ,२०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

तुलसीपुर उपमहानगरपालिकामा आर्थिक बर्ष २०७४/०७५ मा खरिद भएका एम्बुलेन्स मध्ये तीनवटा आम्दानी भएको र ति तीनवटा एम्बुलेन्स ल्याउदा भुक्तानी गर्न बांकी भएको भन्सार क्लीरेन्स र फारवाडिङ्ग चार्ज हाल सम्म भुक्तानी नभएकोले सो चार्ज तथा RTGS चार्ज रकम सम्बन्धीत पाटीलाई भुक्तानी गर्ने निर्णय गरियो ।

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७७ माघ ४ गते (वि.सं. २०७७१०१४) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९७ औं बैठकका निर्णयहरु :**

**निर्णय नं १३**

तुलसीपुर उपमहानगरपालिकाको प्रयोजनका लागि खरिदको प्रकृयामा रहेका तर भन्सारमा रोकीएका ५ वटा एम्बुलेन्सहरुको भन्सारले लिने वेयरहाउस चार्ज समेत भुक्तानी गर्ने निर्णय गरियो

**निर्णय नं १४**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिका शिक्षा समितिले गरेका तपसिलका निर्णयहरु अनमोदन गर्ने निर्णय गरियो । साथै ४ कोठे भवनका लागि संघीय सरकार र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त रकममा यस उपमहानगरपालिकाले बहुबर्षिय योजनाबाट रकम थप गरी बढिमा ८ कोठे भवन निर्माण गर्ने निर्णय गरियो ।

क) शिक्षक दरबन्दी मिलान तथा पदस्थापन ।

ख) भौतिक पुर्वाधारहरुको निर्माण ।

**निर्णय नं. १५**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १ मा सञ्चालित श्री बीरेन्द्र माद्यामिक बिद्यालयको एकिकृत सम्पत्ति कर छुट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

तुलसीपुर उपमहानगरपालिकामा बिभिन्न समयमा वडाबाट प्राप्त निवेदनका आधारमा आवश्यक पर्ने ह्युमपाईप, बिद्युत तार , तारजाली, विद्युत पोल र पोलिथिन पाईप लगाएत उपभोक्ता समितिबाट खरिदका लागि माग भई आएका बिकास संग सम्बन्धीत सामग्रिहरु ई बिडिङ्गबाट खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ मा सञ्चालित बेलझुण्डी खानेपानी लाई सह-लगानीका लागि तुलसीपुर उपमहानगरपालिका जमानी बसी रु.१,४०,०००००। रकम सापटीका रुपमा असार मसान्त सम्म नगरपालिकालाई सापटी फिर्ता गर्ने शर्तका आधारमा उक्त खानेपानी संस्थालाई उपलब्ध गराउने साथै तुलसीपुर उपमहानगरपालिकाका लेखा अधिकृतले खातामा दस्तखत गर्ने गरी बेलझुण्डी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था र संघीय खानेपानी ढल व्यवस्थापन नेपालगंजको बीचमा त्रिपक्षीय योजना संझौता गर्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे
प्रमुख



नि. प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७७ माघ ४ गते (वि.सं. २०७७।१०।४) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९७ औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १८**

तुलसीपुर उपमहानगरपालिकामा बिगतमा सञ्चालनमा रहेका बिभिन्न कोषहरुको रकम हाल सम्म व्यवस्थापन नभै एकमुष्ठ संकलन नभएको जनगुनासो आएकोले आवश्यक कर्मचारीको व्यवस्था गरी सबै कोषको रकम एकिकृत रुपमा संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १६ मा औद्योगिक ग्रामका लागि उपमहानगरपालिकाबाट छुट्याईएको जमिनमा १५ बिगाह जमिन औद्योगिक ग्राममा प्रयोग गरी बांकी जमिन भूमिहिन सुकुम्बासीलाई व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

आ.ब. २०७७/०७८ को प्रदेश सरकार शसर्त अनुदान आयोजना अन्तरगत यस तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ को गाईडहर टोलमा खानेपानी मोटर टयाङ्की निर्माण आयोजनामा रु १००००००।(दशलाख मात्र) बिनियोजन भएको तर तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको पत्रानुसार डिप बोरिङ्गमा पानीको मात्रा कम भई बोरिङ्ग संचालन हुन नसक्ने जानकारी भएकोले सोहि अनुसारको रकम पाईप बिस्तारका लागि रकमान्तर गरिदिन अनुरोध भएकोले सो रकम खानेपानी पाईप बिस्तारका लागि रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

तुलसीपुर उपमहानगरपालिकाका बिभिन्न वडामा पारिवारीक हिंसामा परी छुटपत्र भएका तर अंश नलिएका महिलाहरु जग्गा बिहिन तथा घर बिहिन भई पिडित भएकोले त्यस्ता व्यक्तिहरुको सबै वडाबाट लगत संकलन गरी जग्गा उपलब्धता सम्बन्धी आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २२**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १० राईखलियान टिकरी जाने पातुखोलामा लुम्बिनी प्रदेश सरकारबाट पुलमा बजेट बिनियोजन भई सिलन्यास समेत भई सकेको र पुनं. सोहि योजनामा संघीय सरकारबाट समेत पुलको बजेट बिनियोजन भएकोले उक्त बजेट लाई तुलसीपुर ६ सुकौरा रोड हुदै तुलसीपुर ९ को अटो भिलेज जोडने पातुखोलामा पक्कि पुल निर्माणका लागि योजना संशोधन गरी स्ञ्चालन गरिदिन संघीय सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल



नि. प्रमुख प्रशासकीय अधिकृत